# भाग ५

नेपाल सरकार

## वन तथा भू संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले वन नियमावली, २०५१ को नियम ६८ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूचीमा देहाय बमोजिम हेरफेर गरेको छ ।

(१) अनुसूची-२ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-२ राखिएको छ ।

(२) अनुसूची- ६ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

| "क.सं. | (ख) खनिजजन्य वन पैदावार | एकाइ | मूल्य दर रु. |
|---|---|---|---|
| १. | ग्रावेल | प्रति क्यू. फिट | ३।- |
| २. | चुनढुङ्गा | प्रति क्यू. फिट | ३।- |
| ३. | छाप्नेढुङ्गा | प्रति वर्ग फिट | ३।- |
| ४. | वालुवा | प्रति क्यू. फिट | १।५० |
| ५. | साधारण ढुङ्गा | प्रति क्यू. फिट | १।५० |
| ६. | स्लेट | प्रति वर्ग फिट | ३।०० |
| ७. | गोल / पत्थर कोइला | प्रति किलोग्राम | १५।- |
| ८. | मिट्टी कोइला | प्रति किलोग्राम | २।-" |

द्रष्टव्य: (१) प्रचलित कानून बमोजिम अन्य सरकारी निकायमा एक पटक राजस्व तिरिसकेको भए सोको लागि दोहोरो राजस्व लिइने छैन ।

(२) विदेश निकासीको लागि माथि उल्लिखित दस्तु को तेब्बर दस्तुर लाग्नेछ ।"

(३) अनुसूची- ७ को,-

(क) खण्ड (क) को उपखण्ड (५) को क्रमसंख्या (१), (२), (३), (४) र (५) झिकिएका छन् ।

(ख) खण्ड (ख) झिकिएको छ ।

(ग) खण्ड (ग) मा रहेका "अनुसूची- ५" भन्ने शब्दहरुको सट्टा "अनुसूची -२" भन्ने शब्दहरु राखिएका छन् ।





अनुसूची-२

(नियम ९, १०, १८, २५, ४६, ४८, र ५३ सँग सम्बन्धित)

काठ दाउराको मूल्य दर

(क) गोलिया काठ :

| क्र.सं. | काठको प्रजाति | स्तर (ग्रेड) | प्रति क्यू.फिट मूल्य दर रु. |
|---|---|---|---|
| १ | सतिसाल | – | १५००।- |
| २ | साल | ए | ८००।- |
| | | बी | ५००।- |
| | | सी | ३००।- |
| ३ | जंगली सिसौ | ए | १०००।- |
| | | बी | ८००।- |
| | | सी | ५००।- |
| ४ | ओखर, चाँप, सागवान र दार | – | ५००।- |
| ५ | विजय साल | – | ३००।- |
| ६ | सन्दन र पाजन | – | ३००।- |
| ७ | सिसौ (वृक्षारोपण) | ४ फिट र सो भन्दा बढी गोलाइ भएको | ४००।- |
| | | ४ फिट भन्दा कम गोलाइ भएको | २००।- |
| ८ | अस्ना, जामुन, कर्मा, टुनी, सिरिस र गम्हारी | ए | ३००।- |
| | | बी | २००।- |
| ९ | देवदार | – | १५० ।- |
| १० | खोटे सल्लो | ए | २००।- |
| | | बी | १५० ।- |
| ११ | सिमल | – | १२५ ।- |
| १२ | हर्रो, बर्रो, फल्दु, चिलाउने र सौर | – | २००।- |
| १३ | भुडकुल, गुटेल, पपलर, उत्तिस, टिकुल, कटुस, मसला, आँप, अन्य सल्लो, फर र स्प्रुस | – | १०० ।- |
| १४ | बाँझी र बोटधर्गेरो | – | ८०।- |
| १५ | खयर (आयतन निकाल्दा लम्वाइलाई पनि अन्तिम इन्चसम्म नाप्ने) | – | ६००।- |
| | | | २०।- प्रति किलोग्राम |
| १६ | श्वेत चन्दन | – | ८००।- प्रति किलोग्राम |
| १७ | अन्य (माथि उल्लेख भएदेखि बाहेक) | – | ७५।–प्रति क्यू. फिट |

(ख) जरा र ठुटा :

| क्र.सं. | प्रजाति | मूल्य दर रु. |
|---|---|---|
| १. | खयर | २५।- प्रति किलोग्राम |
| २. | साल | ७५।- प्रति ठुटा |
| ३. | अन्य | ४०।- प्रति ठुटा |

(ग) बल्लाबल्ली :

| क्र.सं. | प्रजाति | स्तर (ग्रेड) | प्रति क्यू. फिट मूल्य दर रु. |
|---|---|---|---|
| १. | साल | ए | १५० ।- |
| | | बी | १०० ।- |
| २ | अस्ना, कर्मा र जामुन | ए | ७५।- |
| | | बी | ५०।- |
| ३. | मसला | ए | ५०।- |
| | | बी | २५।- |
| ४. | अन्य | ए | २५।- |
| | | बी | १५ ।- |

(घ) दाउरा :

| क्र.सं | प्रयोजन | प्रजाति | मूल्य दर रु. |
|---|---|---|---|
| १. | व्यापारिक | (क) साल | ८,०००।- प्रति चट्टा |
| | | | १।०० प्रति किलोग्राम (चिरुवा र लप्स टप्स समेत) |
| | | ख) सिसौ र टिक | १२,००० ।- प्रति चट्टा |
| | | | १।५० प्रति किलोग्राम |
| | | ग) अन्य | ४,०००।- प्रति चट्टा |
| | | | ०।५० प्रति किलोग्राम (चिरुवा र लप्स टप्स समेत) |
| २. | दाह संस्कार | (क) साल | २,०००।- प्रति चट्टा |
| | | | ०।२५ प्रति किलोग्राम (चिरुवा र लप्स टप्स समेत) |
| | | ख) अन्य | १,००० ।- प्रति चट्टा |
| | | | ०।१५ प्रति किलोग्राम (चिरुवा र लप्स टप्स समेत) |
| ३. | घरकाज | (क) साल | ४,०००।- प्रति चट्टा |
| | | | ०।५० प्रति किलोग्राम (चिरुवा र लप्स टप्स समेत) |
| | | ख) अन्य | २,०००।- प्रति चट्टा |
| | | | ०।२५ प्रति किलोग्राम (चिरुवा र लप्स टप्स समेत) |





द्रष्टव्य :

(१) कृषि औजार (हलो, जुवा, हेगा, हरिस) र दैवी प्रकोपमा परेका परिवारलाई दिइने काठमा माथि उल्लिखित मूल्यको १० प्रतिशत मात्र मूल्य लिइनेछ ।

(२) खडा रुख र ठुटाबाट काठ दाउरा मूल्यांकन गर्दा स्तर निर्धारण भएको प्रजातिको काठको हकमा “बी” स्तरको मूल्य, स्तर निर्धारण नभएको प्रजातिको काठको हकमा माथि उल्लेख भए बमोजिमको मूल्य र दाउराको हकमा व्यापारिक प्रयोजनको लागि निर्धारित मूल्यको आधारमा मूल्याङ्कन गरिनेछ ।

(३) प्राकृतिक रुपमा आएको सिसौलाई जंगली सिसौ मानिनेछ र जंगली वा वृक्षारोपणको सिसौ नछुटिने अवस्था परेमा जंगली सिसौको लागि निर्धारित मूल्यको आधारमा मूल्यांकन र बिगो कायम गरिनेछ ।

(४) गोलिया काठ र बल्लाबल्लीको मूल्य निर्धारण गर्ने प्रयोजनको लागि स्तर (ग्रेड) निर्धारण गर्दा देहाय बमोजिमको मापदण्डको आधारमा गरिनेछ :-

(क) गोलिया काठ : दोषको मात्रा घटी वढी भई उत्पादन हुन सक्ने परिमाणमा फरक पर्ने देखिएमा उत्पादन हुन सक्ने चिरान प्रतिशतलाई आधार मानी ग्रेड कायम गर्नु पर्नेछ। उदाहरणको लागि ७ फिट लम्वाइ र ६ फिट भन्दा बढी गोलाइ भएको काठमा दोषको मात्रा वढी भई ६५ प्रतिशत भन्दा घटी चिरान काठ उत्पादन हुने भएमा "बी" ग्रेड कायम गर्न सकिनेछ । ५ फिट लम्वाइ र ५ फिट भन्दा बढी गोलाइ भएको काठमा दोषको मात्रा कम भई ६५ प्रतिशत र सो भन्दा बढी चिरान काठ उत्पादन हुन सक्ने भए "ए" ग्रेड कायम गर्नु पर्नेछ । काठको गोलाइ र चिरान प्रतिशत नै ग्रेडिङको मूल आधार हुनेछ ।

(१) साल :

(क) "ए" ग्रेडः लम्बाइ ७ फिट भन्दा बढी, गोलाइ ६ फिट भन्दा बढी, किरा लागेको भए बढीमा २ प्वालसम्म र ६५ प्रतिशत र सो भन्दा बढी चिरान काठ उत्पादन हुन सक्ने ।

(ख) "बी" ग्रेडः लम्बाइ ४ फिट भन्दा बढी, गोलाइ ४ फिटदेखि ६ फिटसम्म, किरा लागेको भए ५ प्वालसम्म, चिरिएको/चर्केको, गाँठो भएको/बोक्रा भित्र पसेको, धोद भएको र ४० प्रतिशत भन्दा बढी ६५ प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।





(ग) "सी" ग्रेड : लम्बाइ २.५ फिट भन्दा बढी, गोलाइ २.५ फिट भन्दा बढी, चिरिएको, चर्केको, गाँठो भएको, बोक्राभित्र पसेको, धोद भएको, पसाङ्गिएको किरा लागेको भए ५ प्वाल भन्दा बढी भएको, मक्किएको/सडेको/ रिङ्ग भएको र ४० प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।

(२) अस्ना, जामुन, कर्मा, टुनी, सिरिस र गम्हारी :

(क) "ए" ग्रेडः लम्बाइ ७ फिट भन्दा बढी, गोलाइ ६ फिट भन्दा बढी, किरा लागेको भए बढीमा २ प्वालसम्म र ६५ प्रतिशत र सो भन्दा बढी चिरान काठ उत्पादन हुन सक्ने ।

(ख) "बी" ग्रेडः लम्बाइ २.५ फिट भन्दा बढी, गोलाइ २.५ फिटदेखि ७ फिटसम्म, चिरिएको, चर्केको, गाँठो भएको, बोक्राभित्र पसेको, धोद भएको, पसाङ्गिएको, किरा लागेको भए २ प्वाल भन्दा बढी भएको, मक्किएको/ सडेको/ रिङ्ग भएको र ६५ प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।

(३) जंगली सिसौ :

(क) "ए" ग्रेड : लम्बाइ ७ फिट भन्दा बढी, गोलाइ ६ फिट भन्दा बढी, किरा लागेको भए बढीमा २ प्वालसम्म र ६५ प्रतिशत र सो भन्दा बढी चिरान काठ उत्पादन हुन सक्ने।

(ख) "बी" ग्रेडः लम्बाइ ६ फिट भन्दा बढी, गोलाइ ५ फिटदेखि ६ फिटसम्म, किरा लागेको भए ५ प्वालसम्म, चिरिएको/चर्केको, गाँठो भएको/ बोक्राभित्र पसेको, धोद भएको र ४० प्रतिशत भन्दा बढी ६५ प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।

(ग) "सी" ग्रेड : लम्बाइ २.५ फिट भन्दा बढी, गोलाइ २.५ फिटदेखि ६ फिटसम्म, चिरिएको, चर्केको, गाँठो भएको, बोक्राभित्र पसेको, धोद भएको, पसाङ्गिएको, किरा लागेको भए ५ प्वाल भन्दा बढी भएको, मक्किएको/ सडेको/ रिङ्ग भएको र ४० प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।

(४) <u>खोटे सल्ला</u> :

(क) "ए" ग्रेड : लम्बाइ ७ फिट भन्दा बढी, गोलाइ ५ फिट भन्दा बढी, किरा लागेको भए बढीमा २ प्वालसम्म र ६५ प्रतिशत र सो भन्दा बढी चिरान काठ उत्पादन हुन सक्ने ।

(ख) "बी" ग्रेड : लम्बाइ २.५ फिट भन्दा बढी, गोलाइ ५ फिट भन्दा कम, चिरिएको, चर्केको, गाँठो भएको, बोक्राभित्र पसेको, धोद भएको, पसाङ्गिएको, किरा





लागेको भए ५ प्वाल भन्दा बढी भएकों, मक्किएको/ सडेको/रिङ्ग भएको र ६५ प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।

(ख) <u>बल्लाबल्ली</u> :

(क) "ए" ग्रेड : लम्बाइ ६ फिट भन्दा बढी, गोलाइ २ फिट देखि २ फिट ११ इन्चसम्म, चिरिएको र फाटेको ।

(ख) "बी" ग्रेड : लम्बाइ ६ फिट भन्दा बढी, गोलाइ १ फिट ४ इन्च देखि १ फिट ११ इन्चसम्म, चिरिएको, फाटेको, बाङ्गो टिङ्गो भएको ।

<u>स्पष्टीकरण</u> : यस अनुसूचीको प्रयोजनको लागि "बल्लाबल्ली" भन्नाले फेदमा ३ फिट भन्दा कम गोलाइ भएको र ६ फिट भन्दा बढी लम्बाइ भएको गोलिया काठ जनाउँछ ।

(५) गोलिया तथा चिरान काठ र दाउराको मूल्य निर्धारण गर्ने प्रयोजनको लागि मापन गर्दा देहाव बमोजिम गर्नु पर्नेछः-

(क) <u>गोलिया काठ</u> :

(अ) <u>लम्बाइ</u> :

(१) लम्बाइ मापन गर्दा फेददेखि टुप्पो पट्टि घट्दै गएको गोलियाको लागि गोलियाको बीच भागमा बोक्रा मुनि गोलाइ मापन गर्नु पर्नेछ ।